गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनुपर्छ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ४८ श्रेणी 'क' २०७२ कार्तिक ३० गते सोमबार 16 Nov. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

इन्धन वितरणमा प्रशासनले बेवास्ता गरेको यातायात व्यवसायीको आरोप

यात्रुभाडा बढाउने औपचारिक तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

पेट्रेलियम पदार्थको अभाव भएपछि सरकारी अधिकारी र स्थानीय प्रशासनले बेवास्ता गरेपछि सार्वजनिक यातायात व्यवसायीहरुले तत्कालै भाडा वृद्धि गर्ने चेतावनी दिएका छन् । करिब २ महिना यता पेट्रोल र डिजेलको आपूर्तिमा असहज अवस्था आएपछि यातायात व्यवसायीहरुले समस्या भोग्नु परेको छ । यसैकुरालाई ध्यानमा राखेर आफूहरुले भाडा बढाउन लागेको पोखरामा आइतबार आयोजित पत्रकार सम्मेलनमा यातायात व्यवसायी संस्थाका प्रतिनिधिहरुले जानकारी दिए । पत्रकार सम्मेलनमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका पश्चिमाञ्चल क्षेत्रीय संयोजक धर्मराज अधिकारी, पृथ्वी राजमार्ग बस संचालक समितिका अध्यक्ष ऐनकुमार साइ र समितिका सचिव योगेन्द्र कुमार केसी लगायतले राज्यले हवाइ इन्धनको अभाव हुँदा विमान संचालन गर्ने कम्पनीलाई ३० प्रतिशत भाडा वृद्धि गर्न स्वीकृत दिएका कारण यातायात व्यवसायीलाई पनि ३० प्रतिशत भाडा वृद्धि गर्न स्वीकृत दिनुपर्नेमा जोड दिएका थिए ।

व्यवसायीले डिजेलको साविक मूल्य भन्दा तेब्बर र पेट्रोल चारगुणा बढी मूल्यमा खरिद गरेर यातायात सेवा संचालन गर्नुपरिरहेको भएपनि राज्यले भाडा वृद्धि गर्न नदिएको बताउँदै उनीहरुले यातायात व्यवसायलाई धराशायी बनाउन सरकारी अधिकारीनै लागेको आरोप लगाए । आगामी १ साताभित्र पनि इन्धन सहज आपूर्ति नभएमा अर्थात व्यवस्थित वितरण गर्न स्थानीय प्रशासन र सरकारले वेवास्ता गरेमा ३० प्रतिशत भाडा वृद्धि गरिने उनीहरुको भनाइ थियो ।

पेट्रोलियम पदार्थको अभाव भएपछि कतिपय यातायात व्यवसायीले भने प्रचलित भाडामा शतप्रतिशत वृद्धि गरि यात्रुलाई मारमा पारेको गुनासो बढेपछि ट्राफिक प्रहरीले समेत कार्वाही शुरु गरेको थियो । पोखराबाट काठमाडौं जाने बसले ५ सय रुपैयाँको सट्टा १ हजार रुपैयाँ लिएर यात्रु बोकेपछि पोखरामा नै केही बस ट्राफिकले नियन्त्रणमा लिएको थियो भने पृथ्वी राजमार्गको गजुरीमा रहेको प्रहरीले १० वटा भन्दा बढी बसका यात्रुसंग लिएको बढी भाडा फिर्ता गरेको थियो । यसरी यातायात व्यवसायीले दोब्बर भाडा अशुल्दै आएको भएपनि पृथ्वीराजमार्ग बस संचालक समितिका अध्यक्ष साइले भने आफ्नो समिति अन्तर्गत चल्ने बसले काठमाडौं जाने यात्रुसंग १ सय रुपैयाँ भन्दा बढी भाडा नलिएको दावी गरे । लामो रुटमा चल्ने बसमा भने यात्रुको भाडा वृद्धि नगरिएको उनको दावी छ । साइका अनुसार हालको इन्धन अभावको मार सबैभन्दा बढी गण्डकी र धवलागिरि अञ्चलका व्यवसायीलाई परेको छ । अन्य जिल्लामा प्रमुख जिल्ला अधिकारीले समन्वय गरि इन्धनको वितरणलाई व्यवस्थित गरेको तर गण्डकी र धवलागिरिमा भने त्यस्तो अवस्था नरहेको भन्दै स्थानीय प्रशासनको आलोचना समेत व्यवसायीले गरेका छन् । पृथ्वीराजमार्ग बस संचालन समितिका अध्यक्ष ऐनकुमार साइले सहज अवस्थामा पोखराबाट देशका विभिन्न स्थानमा जानका लागि ३४० वटा बसहरु छुट्ने गरेकोमा हालको असहज अवस्थामा करिब १०० वटा बसहरु पोखराबाट विभिन्न स्थानमा जाने गरेको बताए । यसरी बसको संख्या घटेपनि तिनलाई आवश्यक पर्ने इन्धन प्रशासनले व्यवस्था गर्न नसकेपछि यातायात व्यवसायी स्वयंले नै चर्को मूल्यमा खरिद गर्नुपरेको कारण बसभाडा बढाउनुपर्ने बाध्यता सृजना भएको उनले बताए ।

अन्य जिल्लामा प्रमुख जिल्ला अधिकारी वा प्रशासनका मान्छेहरुले सार्वजनिक सवारी साधनका लागि डिजेल र पेट्रोलको वितरणलाई व्यवस्थित गरेको भएपनि कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत लगायत प्रशासनिक अधिकारीहरुले वेवास्ता गर्दा यातायात व्यवसायी मर्कामा परेको अध्यक्ष साइको गुनासो थियो । समितिका सचिव योगेन्द्र केसीमा अनुसार पोखराबाट संचालन हुने सवारी साधनका लागि दैनिक २७ हजार ५ सय लिटर डिजेल आवश्यक पर्ने गरेकोमा हाल आफूहरुले १२ हजार लिटर डिजेलको व्यवस्था गर्न प्रशासन संग माग गरेको बताए । 'हामीले मागेजति डिजेल दिने हो भने भाडा वृद्धि नगरिकन सामान्य अवस्थामा सवारी साधन संचालन गर्न सक्ने थियौ तर नपाएपछि भाडा वृद्धि गर्नुपर्ने बाध्यता आइ परेको हो'- सचिव केसीले भने ।

पत्रकार सम्मेलनमा यातायात व्यवसायी महासंघका क्षेत्रीय संयोजक धर्मराज अधिकारीले इन्धन वितरण प्रक्रियामा प्रशासनले सुधार नल्याउने हो भने आफूहरुले ३० प्रतिशत भाडा वृद्धि गरि सेवा संचालन गर्न बाध्य हुने चेतावनी दिए । भाडादर वृद्धि गर्दा राज्यले अनावश्यक दु:ख दिने र यातायात व्यवसायीलाई कार्वाही गर्ने हो भने आफ्ना सवारी साधन घर, ग्यारेज र सडकमा खडा गर्न आफूहरु बाध्य हुने उनले बताए । आम यातायात व्यवसायी, मजदूर र सर्वसाधारणलाई सडकमा उत्रिनुपर्ने अवस्था आइसकेको भन्दै अधिकारीले जारी गरेको विज्ञप्तिमा गण्डकी र धवलागिरि अञ्चलका सवारी साधनलाई पनि अन्य जिल्ला र अञ्चलमा जस्तो अत्यावश्यक सेवाको रुपमा राखी कोटा प्रणाली अनुसार इन्धन वितरण गर्न आग्रह गरिएको छ ।

यातायात असुविधाले पोखरामै छठको तयारी

दसैं तिहारपछि नेपालीले मनाउने प्रसिद्ध चाडमध्येको छठ मनाउन पोखरामा पनि तयारी गरिएको छ । दीपावली तथा छठका अवसरमा धेरै तराई समुदायमा बसोबास गर्ने व्यक्ति विगतका वर्षमा घर फर्कने गरे पनि यस वर्ष यातायातको असहजताका कारण पोखरामै छठ मनाउने तयारी गरेका हुन् । विगतका वर्षमा दीपावलीसहित छठ मनाउन तराई स्थायी बसोबास भई पोखरामा विभिन्न पेसा व्यवसायमा संलग्न व्यक्ति आ-आफ्ना घर जाने गरे पनि यस वर्ष भने यातायातको असहजताका धेरै व्यक्ति पोखरामा नै रहेको वीरगन्ज घर भई पोखरामा तरकारीको व्यापार गर्दै आएका रामचन्द्र ठाकुरले बताए । केही वर्षयता घर जान नसक्नेले पोखराको बगर, रामबजार, लेखनाथको पशुपति घाटलगायतका स्थानमा अस्थायीरुपमै भए पनि छठी घाटको स्थापना गरी छठ मनाउने गरेका छन् । उनले यस वर्ष पनि धेरै तराई समुदायका व्यक्तिले पोखरामा नै छठ मनाउने तयारी गरेको जानकारी दिए । पछिल्लो वर्षमा तराई समुदायका व्यक्तिमात्र नभएर पोखरा र यस आसपासमा बसोबास गर्ने अन्य व्यक्तिले पनि छठ मनाउन थालेको उनको भनाइ छ । उनका अनुसार छठमा षष्ठी भगवतीको पूजा अर्चना गरी परिवारको कल्याणको कामना गरिन्छ । छठ पर्वमा कात्तिक शुक्ल पञ्चमीका दिनदेखि व्रत बस्ने व्यक्तिले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुका दूध, चामल र सख्खरको खीर पकाई प्रसादका रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि खुवाउने प्रचलन रहेको ठाकुरले बताए । प्रचलित संस्कृतिअनुसार कात्तिक शुक्ल षष्ठी (छठ)का दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन:अर्घ दिएपछि विधिवत् रुपमा छठ समाप्त हुन्छ ।

सीमाङ्कन परिमार्जन हुन्छ–ओली

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २९ कार्तिक ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आन्दोलनरत मधेसी दलका मागप्रति लक्षित गर्दै संविधानमा प्रस्तावित प्रदेशका सीमाहरु परिमार्जन गर्न सकिने बताएका छन् । उनले आइतबार साँझ राष्ट्रका नाममा सम्बोधन गर्दै संविधान गतिशिल दस्तावेज भएकाले यसलाई परिमार्जन गर्न सकिने उल्लेख गर्दै वार्ताबाट समाधान खोज्न आन्दोलनरत दलको पुन: ध्यानाकर्षण गराएका छन् । सिमाकै बिषयलाई लिएर झण्डै तीन महिनादेखि मधेसी दलहरु आन्दोलनमा छन् । प्रधानमन्त्री ओलीले आन्दोलनरत दलहरुसंगको सहमतिकै आधारमा संविधान संशोधन गर्न सरकार तयार रहको उल्लेख गरेका छन् ।

'जनचाहना, राष्ट्रिय हित र औचित्यका आधारमा संविधानमा संशोधन हुन सक्छ । त्यसरी नै, प्रस्तावित प्रदेशका सीमाहरू पनि आवश्यकता र अनुभवका आधारमा परिमार्जन गर्न सकिन्छ' प्रधानमन्त्रीले भने,'तराई मधेशमा आन्दोलनरत दलहरूसँगको समझदारीका आधारमा संविधान संशोधन विधेयकलाई अगाडि बढाउन र प्रादेशिक सीमाको बारेमा छलफल र राजनीतिक सहमतिका आधारमा संविधानमा व्यवस्था गर्न सरकार तयार छ ।' त्यसैले जारी वार्तालाई छिटो भन्दा छिटो परिणाममा पुऱ्याउन उनले आग्रह गरेका छन् । उनले आन्तरिक मामिला र मतभेदका विषयमा वाह्य पक्षको संलग्नता भित्र्याउदा सिर्जना हुनसक्ने जटिलता र यसका लागि चुक्ता गर्नुपर्ने मूल्यप्रति संवेदनशील हुन पनि आन्दोलनरत दलहरुको ध्यानाकर्षण गराएका छन् । आन्दोलनले तराई-मधेसका सर्वसाधारण नागरिकलाई झनै पछाडि धकेलेको उल्लेख गर्दै त्रासदपूर्ण टीकापुर घटना र त्यसपछिका हिंसाको शृङ्खलामा परी सुरक्षाकर्मी सहित ४७ जनाको ज्यान जानुलाई दुस्खद स्थिति भनेका छन् । मृतकका परिवारलाई जनही रु.दस लाख प्रदान गर्ने, घाइतेहरूको नि:शुल्क उपचारको व्यवस्था गर्ने र गंभीर अपराधमा सङ्लग्न रहेकाहरु बाहेक अन्य सबैका मुद्दाहरू फिर्ता लिने प्रक्रिया

बाँकी दोस्रो पृष्ठमा......

कांग्रेस महाविधेशनको तयारी शुरु

काठमाडौं २९ कार्तिक ।

नेपाली काँग्रेसको १३औं महाधिवेशनको तयारीका लागि गठन भएका १३ वटा समितिले काम सुरु गरेका छन् । समितिका संयोजकहरुको आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित बैठकमा यस्तो जानकारी गराइएको हो । महाधिवेशन तयारीका लागि गठन गरिएका समितिका संयोजकहरुलाई निर्देशन दिँदै कार्यवाहक सभापति रामचन्द्र पौडेलले महाधिवेशनको तयारीका आवश्यक काम तीव्रताका साथ अगाडि बढाउन लागिपर्नु पर्नेमा जोड दिएका थिए । बैठकमा महामन्त्री प्रकाशमान सिंह र कोषाध्यक्ष चित्रलेखा यादवको समेत उपस्थिति थियो । सो अवसरमा भोजन आवास व्यवस्थापन समितिका संयोजक बलबहादुर केसी, प्रचार-प्रसार समितिका संयोजक डा मीनेन्द्र रिजाल, विदेशी पाहुना स्वागत तथा व्यवस्थापन समितिका संयोजक सुजाता कोइराला, पार्टी विधान संशोधन समितिका संयोजक आनन्दप्रसाद ढुङ्गाना, मञ्च व्यवस्थापन समितिका संयोजक नवीन्द्रराज जोशी, सांस्कृतिक समितिका संयोजक मीना सुब्बा, स्वयंसेवक व्यवस्थापन समितिका संयोजक नारायण कोइराला, महाधिवेशन व्यवस्थापन समितिका संयोजक भीमसेनदास प्रधान र केन्द्रीय निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले महाधिवेशन तयारीका लागि आफ्ना समितिले सुरु गरेका कामको जानकारी कावा सभापति पौडेललाई गराएका थिए । संयोजकहरुले आ-आफ्नो समितिका तर्फबाट धारणा राख्दै पार्टीको १३औं महाधिवेशनलाई व्यवस्थित र भव्यताका साथ सम्पन्न गर्न समितिहरुले आफ्नो कार्य प्रारम्भ गरेको जानकारी गराएको विधान संशोधन समितिका संयोजक ढुङ्गानाले रासससलाई बताए ।

ढिकुरपोखरी समाज सहकारीको अधिवेशन, अध्यक्षमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

ढिकुरपोखरी समाज बचत तथा ऋण सहकारी संस्था, पोखराको दोश्रो अधिबेशन तथा चौथो साधारणसभाबाट वर्तमान सचिव ईन्द्र पौडेल आगामी ३ बर्षका लागि सर्वसम्मत रुपमा अध्यक्षमा निर्वाचित भएका छन । समितिको उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्षमा क्रमश: लालबहादुर कुँवर, गौतम पौडेल, टंकराज अधिकारी र मनपति अधिकारी रहेका छन भने सदस्यहरुमा लक्ष्मी अधिकारी, बिष्णु अधिकारी, रामेश्वर पौडेल, गणेश अधिकारी, शारदा पौडेल, बाबुराम भण्डारी निर्वाचित भएका छन । त्यसै गरि लेखा समिति संयोजकमा टिकाराम अधिकारी सदस्यहरुमा डिल्लीराम पौडेल र सोमनाथ पौडेल निर्वाचित भएको निर्वाचन अधिकृत युवराज अधिकारीले जानकारी दिए । यसअघि साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रवीरमण तिवारीले अझै पनि सरकारले सहकारी प्रति गर्ने ब्यवहार फरक रहेको बताउदै सहकारीबाट लिईने करको दायरा घटाउनु पर्ने बताए । उहाँले लगानी मैत्रि वातावरणबाट सहकारीले उत्पादनशिल क्षेत्रमा लगानि गर्नु पर्ने समेत बताएका थिए । शेयर सदस्यहरु सहकारीका मेरुडण्ढ भएको हुँदा सदस्यहरु बिच छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै आय आर्जनको क्षेत्रलाई अगाडि बढाउन समेत सुझाव दिए । सभामा शेयर सदस्य एवं पश्चिमाञ्चल क्षेत्रिय खेलकुद बिकास समितिका अध्यक्ष खगराज पौडेलले सहकारी भनेको सहकार्य हो जस्ले लगानिका सम्भावनाका क्षेत्रलाई खोजि गर्दै उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिएका थिए ।

संस्थाका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न साधारणसभामा सल्लाहाकारहरु कुल बहादुर गुरुङ कुलु, लोकनाथ भण्डारी, ढिकुरपोखरी समाज पोखराका अध्यक्ष आश बहादुर गुरुङ, बाग्लुङ नगरपालीकाका कार्यकारी प्रमुख एवं शेयर सदस्य युवराज अधिकारी, लेखा समितिका संयोजक तोरण बहादुर कुँवर, शेयर सदस्यहरु मध्येबाट शारदा पौडेल, गणेश अधिकारी लगायतले आ आफ्ना धारण राखेका थिए ।

त्यस अवसरमा संस्थाका अध्यक्ष रामचन्द्र पौडेलको बार्षिक कार्यप्रतिवेदन, सचिव ईन्द्र पौडेलको प्रगति प्रतिवेदन र कोषाध्यक्ष गौतम पौडेलको आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको थियो । सोही अवसरमा उत्कृष्ठ बचतकर्ता सम्पूर्णराज अधिकारी र उत्कृष्ठ ऋणि रुद्रनाथ पौडेल र कर्मचारी अनिल पौडेललाई प्रमुख अतिथि र संस्थाका अध्यक्ष रामचन्द्र पौडेलले संयुक्त रुपमा सम्मान गरेका थिए । सो अवसरमा गत श्रावण महिनामा नेपाल सरकारको मन्त्रि परिषदको निर्णयबाट शेयर सदस्य खगराज पौडेल पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिको अध्यक्षमा मनोनित भएकोमा शहकारीको तर्फबाट सम्मान गरिएको थियो ।

कार्यक्रममा सहकारीका सात सिद्धान्तको वाचन कार्यसमिति सदस्य लक्ष्मी अधिकारीले गर्नु भएको थियो भने स्वागत मन्तब्य उपाध्यक्ष जुमबहादुर गुरुङ, धन्यवाद ज्ञापन लाल बहादुर कुवरले राखेका थिए भने कार्यक्रमको सञ्चालन सचिव ईन्द्र पौडेलले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न

Log on :
www.goldennews.com.np

नि:सन्तान दम्पतिहरुका लागि शिविर

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

सन्तान नजन्मिएर तनावमा छटपटिएका वा छोरी मात्रै जन्मिएर छोराको रहर भएका दम्पतिहरुलाई लक्षित गरी पोखरामा पहिलो पटक अनौठो स्वास्थ्य शिविर हुने भएको छ । आसन्न जाडो मौसमको अवसर पारेर गर्न लागिएको उक्त शिविरको आयोजना स्पर्श आयुर्वेद अस्पताल र ऋषिमुनी अडिबुटी उद्योग प्रा.लि.ले गर्न लागेको हो । आयोजक कम्पनीका संचालकले बताए अनुसार सशुल्क शिविरको आयोजनामा मंसिर १० र गत पौष १० मा पोखराको न्यूरोड स्थित स्पर्श आयुर्वेद अस्पतालमा पहिलो र दोस्रो पटक परीक्षण गरि संचालन हुने भएको छ । पोखरामा पहिलो पटक हुन लागेको यस्तो अनौठो शिविर गण्डकी र धौलागिरी अञ्चलका निसन्तति दम्पतिहरु लाई लक्षित गरी राखिएको कुरा अस्पतालका बरिष्ट चिकित्सक डा.गोपिनाथ पौडेल बताउंछन् ।

आयुर्वेद पद्धति अनुसार उपचार हुने भए तापनि सन्तान नहुनाको कारणको पहिचानका लागि भने सन्तान नभएका श्रीमान श्रीमति दुवै जना उपस्थित हुनु पर्ने छ । परामर्श र परीक्षणका लागि सन्तानको ईच्छा भएका महिला वा पुरुष दुवैले चिकित्सक एवं बिशेषज्ञ संगसंगै वा अलग अलग भेट्न सक्ने छन् । स्वदेशी बिख्यात बिशेषज्ञहरु कै निगरानीमा सम्पन्न हुने उक्त शिवरमा पहिलो पटक बिदेशी ब्यक्तिहरुको समेत सहभागिता रहने छ । कम्पनीले जानकारी दिए अनुसार त्यसरी सन्तान हुंदै नभएका वा छोराको रहर भएका दम्पतिहरुलाई उपचार गर्नु पूर्व अत्याधुनिक ल्याव टेष्ट गरिने भएको छ । नेपालमा हुन नसक्ने ल्याव टेष्ट गर्नु परेमा बिदेशमा समेत पठाईने ब्यवस्था मिलाईएको अस्पतालले जानकारी दिएको छ । त्यसका अतिरिक्त सन्तान जन्माउन मद्दत गर्ने योगासन, प्राणायम, ध्यान बारे समेत उक्त अवसरमा जानकारी दिईने बताईएको छ । सबै भन्दा पहिले निसन्तति दम्पतिहरुलाई सन्तान जन्माउन बिशेषज्ञहरुबाट परामर्श थालिने छ र दुवै जनाको रगत, शुक्रकिट, अण्डा, पाठेघर, थाईराईट, बायप्सी लगायतका आवश्यक पर्ने सम्पूर्ण जैविक परीक्षण गराईने छ । त्यसपछि नेपालमा पाईने दुर्लभ जडिबुटीका अतिरिक्त बिदेशबाट मगाउनु पर्ने महंगा जडिबुटी मिसाएर बनाईएका आयुर्वेदिक औषधिहरु बाट उपचार गरिने कुरा उपचारमा परामर्शका लागि आउने जडिबुटी बिशेषज्ञ धर्मराज पौडेलले बताएका छन् । नेपालका उच्च पहाड तथा हिमाली क्षेत्रबाट कैंयौ

बाँकी दोस्रो पृष्ठमा......

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
१.	वेटर	केही
२.	डिसवासर	केही

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।
- गेटो

सम्पादकीय . .

नाका खुलाउन ढिलाई

वर्तमान अवस्थालाई मसिनो रुपमा बिश्लेषण गर्ने हो भने आधुनिक नेपालको इतिहासमा अर्थतन्त्र यति शिथिल र खराब अवस्थाबाट सम्भवत गुज्रिएको थिएन होला । जनताका प्रतिनिधिले संविधान निर्माण गरेसकेपछि मानिसहरूले यसको खुसीयालीको त कुरै छोडौं, चाडपर्व पनि ढुक्कले मनाउन पाएनन् । यसमा कसैले पनि वर्तमान सरकारलाई दोष दिएका छैनन् । किनकी अहिले भारतीय विस्तारवादी चरित्र उदांगो भइसकेको छ र कसैले पनि आफ्नो सरकार भारतसंग झुकोस भन्ने चाहिरहेका छैनन् । भारतले जे भन्छ, त्यही मानेर सम्झौता गरोस र इन्धन लगायतका सामाग्री ल्यावस भनेर कसैले पनि कामना गरेको छैन् । जनतामा यतिबेला भारतले गरेको अन्यायको विरुद्धमा आक्रोश छ, यो सबैलाई थाहा छ । तर जनस्तरको यो आक्रोशलाई ध्यानमा राखेर सरकारले काम गर्ने हो, थप जनआक्रोश पैदा गराउने काम भने गर्नु हुदैन । तर सरकारका आधा दर्जन उपप्रधानमन्त्री र मन्त्री मध्ये धेरैको काम भारतकै विरोध गर्नुमा सीमित छ । प्रधानमन्त्रीले दिने निर्देशन र सरकारको नीति तथा कार्यक्रमभित्र रहेर अरूले बोल्नुपर्ने हो, तर त्यसो हुन सकेको छैन् । सत्य के हो भने तराईमा आन्दोलन सिर्जना गर्न, त्यसका लागि रसदपानीको व्यवस्था गर्न, त्यसलाई अन्तर्राष्ट्रियकरण गर्न, नेपालको संविधानलाई जातीय विभेदकारी साबित गर्न र नेपालमा अस्थिरता स्थापना गर्न रोटीबेटीवाला छिमेकी भारतको सम्पूर्ण रूपमा हात रहेकोमा अब कुनै शंका छैन । आफ्नो देशमा नभएको समानुपातिक प्रतिनिधित्वको मुद्दा उठाएर नेपाललाई सधैंभरि आफ्नो नियन्त्रित अस्थिरताभित्र राखिरहन सकिन्छ भन्ने पनि भारतीयको बुझाइ छ । तराई दुई प्रदेश बनाए पनि हुन्छ तर पहाडसँग जोड्न मिल्दैन भन्ने अडान कथित दुई राष्ट्रियताको अखण्डताविरोधी भावनाबाट निर्देशित छ, पछि परेको बेला जे गर्न पनि सजिलो हुन्छ भनेरै तराई र पहाड पटक्कै जोड्न पाइँदैन भन्ने अडान भारतीय पक्षबाट आइरहेको हो । दीर्घकालीन रूपमा नेपाललाई आफ्नो पन्जामा राखिरहने रणनीतिबाट अहिलेका भारतीय कदमहरू परिचालित छन् । यसलाई बुझेर मुलुकलाई आत्मनिर्भर बनाउने कुरामा सरकारको सवैभन्दा बढि ध्यान पुग्नु पर्दछ । नयाँ संविधान अनुसार सरकार बनेको एक महिना पनि पुगेको छैन तापनि भारतीय विकल्पका लागि सरकारको तर्फबाट केही प्रयास भने भएका छन् । यो खुसीको कुरा हो । तर, जनताको गुनासो त्यसैमा छ, यी प्रयास पर्याप्त प्रभावकारी भएनन् । यसबीचमा चीनसँग तेलका लागि सम्झौता भएको छ, केही मात्रामा तेल भित्रिएको पनि छ । तर त्यो प्रक्रिया कति ढिलो र अपर्याप्त भएको छ । यसलाई युद्धस्तरमा अगाडि बढाउनुपर्नेमा त्यसो हुन सकेको छैन् । पहिलो पटक आवात-जावत गर्न थालिएको चीनको केरुङ नाकाबाट आएको केही ट्यांकर तेलले तिहारलाई केही सहज बनाएपनि यसले छठलाई पुग्ने अवस्था देखिएको छैन् । भूकम्पले बिगारेपछि पुनर्निर्माण भइसक्दा पनि अर्को महत्वपूर्ण तातोपानी नाकाचाहिँ अझै सञ्चालन आउन सकेको छैन्, यो दु:खद पक्ष हो । यसमा सरकारका तर्फबाट पर्याप्त मात्रामा ध्यान पुग्न सकेको देखिएन् । यो नाकालाई जतिसक्दो छिटो सञ्चालन गर्न सकेमा उत्तरतर्फको ढुवानी सहज हुन सक्ने देखिन्छ । सञ्चालनमा नआएका कोरल्ला लगायतका सम्पूर्ण नाकाहरुलाई सञ्चालन गर्ने काम पनि तुरुन्तै गर्न सरकारको ध्यान जान जरुरी छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक ३० गते सोमबार, तदनुसार नवेम्वर १६ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको पञ्चमी तिथि ४४ घटि ३१ पला अर्थात रातिमा १२ बजेर १४ मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा धनु राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ५२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २५ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : टाढाबाट धन प्राप्ति हुने, सामाजिक क्षेत्रबाट सम्मान पाइने, राजनैतिक सक्रियता बढ्नेछ, समय राम्रो छ ।

वृष : मानसिक पीडा थपिदै जाजे, आम्दानीमा गिरावट हुने, साथीभाईसँग मनमुटाव बढ्ने, शत्रुहरु सक्रिय हुनेछन् ।

मिथुन : आदरसत्कार पाइने, पारिवारिक सहयोग मिल्ने, नयाँ क्षेत्रमा लगानी गर्दा मनग्य आम्दानी हुनेछ दिन शुभछ ।

कर्कट : आफन्तले कुरा काट्नेछन्, आटेको कार्य अधुरा रहन सक्ने, नयाँ कार्यमा लगानी गर्ने योजना विफल हुनेछन् ।

सिंह : पढाईमा लगनशीलता, धार्मिक क्रियाशीलता, राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ, टाढाको मित्र सँग भेटघाट हुने।

कन्या : आफ्नै मान्छेबाट धोका हुनेछ, यात्रामा सावधानी अपनाउनु पर्ने, दिन शुभ रहने छैन्, जोगिनु होला ।

तुला : मानसिक शान्ति मल्ने, नयाँ ठाउँको भ्रमण हुनसक्ने, आफ्नै पेशाप्रति सन्तुष्टि हुने, सबै काम सजिलै सम्पन्न ।

वृश्चिक : चोटपटकको भय, दिनभर नैराश्यता हुने, व्यापार व्यवसायमा मन्दी आउनेछ, मनमा अशान्ति छाउनेछ ।

धनु : आम्दानीमा वृद्धि, आफ्नै पेशाप्रति असन्तुष्टि, मिष्ठान्न भोजन प्राप्ति, हराएको बस्तु फेला पर्ने सम्भावना छ ।

मकर : धन हराउन सक्ने सम्भावना रहेकोछ, स्वास्थ्यमा गडबढी, प्रेममा धोका हुन सक्ने दिन खराब छ ।

कुम्भ : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मीन : गरेको प्रयास अर्थहिन हुन सक्नेछन्, नकरात्मक सोचाइ बढ्ने, पारिवारिक कलहमा वृद्धि हुनेछ सर्तक रहनुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

निर्देशक राजु गिरीद्वारा नयाँ फिल्मको घोषणा

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

निर्देशक राजु गिरीले नयाँ फिल्मको घोषणा गरेका छन् । उनको नयाँ फिल्मको नाम 'लभ क्याफे' हुनेछ । गिरीले आईतबार पोखरामा फिल्मको घोषणा गरेका हुन् । नयाँ फिल्म घोषणा सँगै उनले आफ्नो पछिल्लो फिल्म 'बिन्दास ३' को अडियो पनि सार्वजनिक गरे । 'लभ क्याफे फिल्म मैले पुरै पोखरामै छायाँकन गर्ने योजना बनाएको छु । र, पोखरालाई एउटा माया गर्ने थलोको रुपमा फिल्ममा मैले प्रस्तुत गर्नेछु ।' संचारकर्मीहरुमाझ गिरीले भने-'यसले पोखराको प्रचारप्रसारमा पनि सहयोग पुग्नेछ ।' यो फिल्मलाई निर्देशक गिरीका बुवा शंकर गिरीले प्रस्तुत गरेका हुन् । फिल्ममा दिपेन्द्र अधिकारीले लगानी गरेका छन् ।

बागलुङका युवा शिरिष थापालाई यो फिल्मबाट गिरीले डेब्यू गराउँदैछन् । त्यस्तै यो फिल्ममा नायिकाको रुपमा शुभेच्छा थापा फाईनल भएकी छन् । अन्य भुमिकाका लागि कलाकार छनौट प्रकृयामा रहेको गिरीले बताए । 'यो फिल्मले माया गर्नेहरुको कथा बोल्छ ।' गिरीले भने-'राजु गिरी भर्सटाईल निर्देशक हो भन्ने कुरा अब बन्ने मेरा फिल्महरुबाट पुष्टि हुनेछ ।' उनले चाँडै नै फिल्म 'लभ क्याफे'लाई लिएर फ्लोरमा जाने बताए ।

पहिलो फिल्मदेखि अहिलेसम्म उनले संगीतकारको रुपमा अर्जुन पोखरेललाई लिएपनि यो फिल्ममा भने उनले संगीतकार परिवर्तन गरेका छन् । फिल्म 'लभ क्याफे'मा संगीतकारको रुपमा उनले सम्पुर्ण जिम्मा योगेश काजी बिसीलाई सुम्पेका छन् । पत्रकार सम्मेलनमा संगीतकार योगेश काजी बिसी पनि सहभागी थिए । उनले राजु गिरीसँग फिल्ममा काम गर्न पाउँदा निकै खुशि लागेको बताए । 'अर्जुन पोखरेलसँग काम गर्दै आएका निर्देशक गिरीले यो फिल्मका लागि संगीतको सबै जिम्मा मलाई सुम्पनुभएको छ ।' बिसीले भने-'यो मेरो लागि अवसर र चुनौती दुवै हो ।' पछिल्लो समय नाईकेको शिर्ष गीतबाट चम्किएका संगीतकार बिसीले यो फिल्ममा अझै बढि मेहेनत गरेर उत्कृष्ट संगीत दिने प्रतिबद्धता जनाए ।

त्यस्तै राजु गिरी निर्देशित पछिल्लो फिल्म बिन्दास ३ को अडियो पनि कार्यक्रममा सुनाईएको थियो । सार्वजनिक अडियो गीतलाई संचारकर्मीहरुले राम्रो भएको प्रतिक्रिया दिएका थिए । राजु निर्देशित यो फिल्म माघ २२ गतेदेखि अल नेपाल प्रदर्शन हुँदैछ ।

गोर्खाली भवन बनाइने

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

गोर्खा कम्युनिटी पोखराले आइतवार पोखरास्थित बगाले टोल तमु समाजमा बृहत छलफल कार्यक्रम सम्पन्न गरेको छ । गोर्खा कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भएको बृहत छलफल कार्यक्रममा गोर्खा कम्युनिटी पोखराले हालसम्म सञ्चालन गरेको द गोर्खाज बचत तथा ऋण सहकारी संस्था, गोर्खा सहकारी उपभोक्ता पसल (गोर्खा ग्रोसरी सप), गोर्खाली रेडियो, गोर्खा एण्ड बराह ज्वेलरी र काभ्रेमा रहेको गोर्खा अर्गानिक फार्म तथा रिसर्च सेन्टरलाई अझ व्यवस्थित, उत्पादन र सेवामुखी बनाउन जुट्ने निर्णय गरेको छ । पोखरा र पोखरा आसपासमा करिब पचास हजार गोर्खाली समुदायको बसोवास रहेको र हालसम्म एक हजार भन्दा बढि आजीवन सदस्य रहेको गोर्खा कम्युनिटीमा एक सदस्यले कम्तीमा एक नयाँ सदस्य बनाउने योजना समेत अघि बढाएको छ । विदेशी भूमिमा विभिन्न ओहोदामा सेवापछि अवकाश प्राप्त गरी नेपाल फर्किएका ब्रिटिश, भारतीय, सिंगापुर पुलिस फोर्सका भूतपूर्व गोर्खालीहरुको सीप, दक्ष र आर्थिक पक्षलाई व्यवसायिकरण एवं सम्बृद्ध समाज निर्माणका लागि पहल गर्न गठित गोर्खा कम्युनिटीले पोखरामा दुई वर्षभित्र गोर्खा भवन निर्माण गरि छरिएर रहेका गोर्खालीहरुलाई एक ठाँउमा जम्मा गर्ने उद्देश्यले लिएको छ । यो सगै गोर्खा हस्पिटल, गोर्खा स्कुल, गोर्खा हार्डवयर, गोर्खा ट्राभल्स, गोर्खा सेक्युरिटी पनि निकट भविष्यमा संचालन गर्ने योजना अघि सारेको छ । त्यस्तै पोखराको चाउथेस्थित गोर्खा कम्युनिटी पोखराकै पहलमा गोर्खा चोकको नामाकरण समेत गरिसकेको छ ।

गोर्खा कम्युनिटी पोखराका अध्यक्ष मेजर लक्ष्मीप्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कम्युनिटीका प्रथम उपाध्यक्ष क्याप्टेन चेतबहादुर गुरुङले स्वागत गरेका थिए भने द्वितीय उपाध्यक्ष मीना गुरुङले पनि आफ्नो भनाई राखेकी थिइन । कार्यक्रममा सचिव डब्लु ओ टु भुपालजंग कुँवरले सञ्चालन गरेका थिए ।

सीमाङ्कन....

प्रारम्भ भइसकेकोजानकारी सम्बोधन मार्फत् दिएका छन् । 'यस्तो स्थितिमा, जनजीवनमा थप कष्ट नपुऱ्याउन, सामाजिक-साम्प्रदायिक सद्भाव खलबलिन नदिन र कुनै पनि प्रकारको अतिवादले खेल्ने ठाउँ नपाओस् भन्ने कुरामा सजग हुँदै आन्दोलनलाई स्थगित गरी वार्ताको माध्यमबाट समस्याको समाधानमा अर्थपूर्ण योगदानका लागि सम्बद्ध सबै पक्षलाई हार्दिक आहवान गर्दछु' प्रधानमन्त्री ओलीको सम्बोधनमा छ ।

उनले छिमेकी भारतलाई समेत तत्काल नाकाबन्दी खुलाउन ध्यानाकर्षण गराएका छन् । नाकाबन्दीका कारण मुलुकमा चरम मानवीय संकट सिर्जना हुन लागेको चित्र प्रस्तुत गर्दै ओलीले यो घटनाले नेपाल र भारतबीच बर्षौदेखिको सम्बन्धमा समेत प्रभावित भएको उल्लेख गरेका छन् । नेपालमा मानवीय संकटको अवस्था आउन नदिन अन्तर्राष्ट्रिय समूदायको ध्यानाकर्षण गराएका छन् । भूकम्पका कारण थिलथिलो बनेको अर्थतन्त्रमा नाकाबन्दी र आन्दोलनले झन् संकटपूर्ण अवस्थामा पुऱ्याइदिएको ओलीको सम्बोधनमा छ । झण्डै ४५ मिनेट लामो सम्बोधनमा ओलीले भुकम्प र नाकाबन्दीको कारण सिर्जित समस्या, नेपाल भारत सम्बन्धमा उत्पन्न चिसोपन, चीनिया नाका खोल्नेदेखि फ्रान्सको पेरिसमा भएको आतंकवादी आक्रमण सम्मका बिषयलाई छोएका छन् । सरकारका प्राथमिकताका क्षेत्रमा परेका नवीकरणीय उर्जा उत्पादनदेखि काठमाडौंमा मेट्रो रेल चलाउने सम्मका प्रसंग प्रधानमन्त्रीको सम्बोधन छन् । सिमा सामान रोकिदा इन्धन र औषधि समेतको अभाव भई बिरामीहरूको जीवन जोखिममा परेको रगत सङलन गर्ने प्याकेटहरूको कमीले ब्लड बैङहरूमा रगतको अभाव भएबाट सुत्केरी र शल्यक्रिया गर्नुपर्ने विरामीहरु उच्च जोखिममा प्रधानमन्त्रीले बताएका छन् ।

उनले नयाँ संविधानले सबै जाती भाषा, क्षेत्र लिङ्ग नागरिकका अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै तर यो विभेदकारी छ भन्ने अपव्याख्या गरेर निहित राजनीतिक अभिष्ठ पूरा गर्न खोजिएको टिप्पणी गरेका छन् । कुनै समूदाय बिषेश भएकै कारण संविधानले विभेद गरेको छ भनेर आरोप लगाउनु याता संविधानको अध्ययन नै नगरेको स्थिति हो या राजनीतिक सुनियोजित रुपमा संविधानको अपव्याख्या गरेर निहित राजनीतिक अभिष्ट पुरा गर्न खोज्नु हो ।' निर्माण प्रक्रिया र अन्तवस्तु दुबै दृष्टिकोणबाट नेपालको संविधान कुनै पनि लोकतान्त्रिक देशको संविधानसंग तुलना गर्दा उत्कृष्ट रहेको ठोकुवा ओलीले गरेका छन् । तर संविधान जारी गरेकै कारण नाकाबन्दीको अवस्था व्योहोर्नु परेको ओलीले भनाई छ । 'एउटा सार्वभौम राष्ट्रले, व्यापक जनसहभागिता र लोकतान्त्रिक विधि अनुरुप, जननिर्वाचित समावेशी संविधान सभाद्वारा, प्रगतिशील, जनमुखी र लोकतान्त्रिक अन्तरवस्तुसहितको संविधान जारी गर्दा यति कष्ट, पीडा र नाकाबन्दी जस्तो अमानवीय व्यवहारको सामना गर्नु पर्ला भन्ने कुरा आजको एक्काइसौं शताव्दीमा कल्पना पनि गर्न सकिने कुरा होइन' ओलीको सम्बोधनमा छ । सम्बोधनमा धेरैपटक नकाबन्दी र भारतीय पक्षबाट भएको व्यवहारको प्रसंग जोडिएको प्रधानमन्त्री ओलीको सम्बोधनले नेपाल र भारतबीच धेरै चिसोपना बढेको संकेत गरेको छ । 'विभिन्न बहानामा नेपाल-भारत सीमा नाकामा आयात-निर्यात अवरुद्ध गरिँदा आज नेपालले गम्भीर मानवीय सङटको सामना गर्नुपरिरहेको छ । इन्धन, औषधि, खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरु बोकेका सयौं ट्रकहरू भारततर्फको सीमाक्षेत्रमा रोकिएका छन्','युद्धको बेलामा समेत हुननहुने सङट देखा परेको छ । भूकम्पले विनाशको पीडा भोगेको देशमाथि भएको यस्तो व्यवहारलाई मानवीय संवेदना भएको जो कोहीले पनि दु:खद र अमानवीय भन्नैपर्ने हुन्छ ।' अघोषित नाकाबन्दी सबै अन्तराष्ट्रिय कानून सन्धी सम्झौता र बडापत्रहरुको विरुद्ध रहेको ओलीको भनाई छ । 'दक्षिणी सीमानामा भएको अघोषित नाकाबन्दीबाट स्वतन्त्र राष्ट्रको सार्वभौमिकताको सम्मान गरिनुपर्ने संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्तहरू, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको बडापत्र एवं समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धीले प्रत्याभूत गरेको भूपरिवेष्ठित राष्ट्रहरूको पारवहन अधिकार, नेपाल-भारतबीच भएका व्यापार र पारवहन सन्धी एवम् दुई देशबीच युगौं पुरानो मित्रतापूर्ण सम्बन्ध तथा दुई देशका जनताको भावनाको अवमूल्यन र उल्लङ्घन भएको छ' ओलीले भनेका छन् । अग्रीम रकम भुक्तानी भइसकेको पेट्रोलियम पदार्थ समेत आपूर्ति नगर्ने भारतीय आयल निगमको व्यवहारले व्यापार सम्बन्धको सामान्य संहिताको समेत उल्लंघन भएको टिप्पणी प्रधानमन्त्रीले गरेका छन् । 'नेपाली भूभागमा अवरोध भयो भनिएको स्थानबाट मात्र हैन, कुनै सुरक्षा समस्या नभएको स्थानबाट समेत आपूर्ति सुचारु नहुनुले मलाई विस्मित तुल्याएको छ' ओलीले भनेका छन्,' यस स्थितिले नेपाल र भारतका बीच रहेको सुमधुर सम्बन्ध अप्रिय भएकोमा कुनै शंका छैन ।' यसबाट कसैको पनि हित नहुने भएकोले यस्तो अवस्था लामो समयसम्म नरहने र दुई देश बीचको समझदारीबाट पूर्ववत् स्थिति कायम हुनेछ अपेक्षा आफूले गरेको ओलीको सम्बोधनमा छ । सम्बन्ध पुरानै स्थितिमा पुर्‍याउन प्रयत्न जारी रहेको र यो काममा सहयोग गर्न भारतको सरकारलाई पनि ओलीले आग्रह गरेका छन् । विगतमा भएका त्रुटिपूर्ण निर्णय र मित्रराष्ट्रहरुसंगको सम्बन्ध सञ्चालनमा रहेका समस्या तथा अल्पविकासका कारण नेपार धेरै परनिर्भर हुनुपरेको अवस्था ओलीले चित्रण गरेका छन् । 'आत्मनिर्भरता होइन परनिर्भरता र सन्तुलित एवं विविधतापूर्ण व्यापार सम्बन्ध होइन, असन्तुलित र एकतर्फी व्यापार सम्बन्ध हामीले भोग्दै आएको 'नियति' रहेछ भन्ने कुरा यस घटनाले स्पष्ट पारेको छ' प्रधानमन्त्री ओलीले भने,' यसबाट अब हाम्रा आँखा खुल्नुपर्छ र पाठ सिक्नुपर्छ । यस 'नियति' लाई अवसरमा बदल्दै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने तर्फ लाग्नु हाम्रो प्रमुख दायित्व हुनेछ ।' विगतको अवस्थालाई बदल्नलाई नै चीन तर्फको व्यापारिक सम्झौता अघि बढाएको ओलीले उल्ले गरेका छन् । संकटको अवस्थामा चीनले इन्धन सहयोग गरेकोमा धन्यवाद दिदे ओलीले सदियौंदेखि व्यापारिक साझेदार रहदै आएको चीनसाग समयानुकूल व्यापार विस्तार गर्दै नेपाललाई आवश्यक पर्ने पेट्रोलियम पदार्थ लगायतका वस्तुहरु आयात गर्ने दिशामा प्रयास गर्ने प्रतिबद्धता जनएका छन् । चीनसंग जोडिएका नेपाल तर्फका सडक स्तरोन्नति गर्ने र पेट्रोलियम पदार्थको आयातका लागि अन्य मित्र राष्ट्रहरूसँगको पहललाई अघि बढाउने काम भइरहेको जानकारी प्रधानमन्त्री ओलीले दिएका छन् ।

चीनसंगको व्यापार अघि बढाउने बिषय कुनै देशविरुद्ध लक्षित नभएको भन्दै ओलीले स्पष्टीकरण दिएका छन् । 'यो निर्णय कुनै देशका विरुद्ध लक्षित होइन, नेपालको व्यापार सम्बन्ध लाई विविधतायुक्त र सन्तुलित बनाउने कदम हो' उनले भने,' नेपाल अहिले व्यापार घाटा र असन्तुलनको भारीले थिचिएको छ । हामी मित्र राष्ट्र भारतसँग भूपरिवेष्ठित राष्ट्रका हैसियतले समुद्रसम्मको पहुँचको हक तथा निर्वाध पारवहन अधिकार कुण्ठित नहुने र वस्तुहरूको आयात निर्यातमा कुनै प्रतिकूल असर नपर्ने गरी दुई देशबीच ऐतिहासिक सम्बन्धलाई विकास गर्न चाहन्छौं ।' भारत र चीन लगायत सबै मित्र राष्ट्रहरूसाग संयुक्त राष्ट्र संघको बडापत्र र पञ्चशीलका सिद्धान्तको आधारमा पारस्परिक समानता र हितको नीति अनुरुप सुमधुर सम्बन्ध राख्न चाहेको ओलीले उल्लेख गर्दै कुनै पनि प्रकृतिका आपसी असमझदारी वार्ताको माध्यमद्धारा हल गर्न सकिने बताए । मुलुकहरू जनसङ्ख्या या भूगोलका आधारमा ठूला या साना भए पनि सार्वभौमसत्ता र राष्ट्रिय स्वाभिमान सानो या ठूलो हुन नसक्ने भन्दै ओलीले मित्रराष्ट्रहरुको ध्यानाकर्षण गराएका छन् । 'हाम्रो सार्वभौम सत्ताको कदर होस्, नेपाली जनताले आफ्ना लागि संविधान बनाउने लगायत आफ्ना मुद्दाहरूको फैसला आफै गर्न पाउने अधिकार र नेपालको राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र भौगोलिक अखण्डताको सम्मान होस् । नेपालले त्यो भन्दा बढी या त्यो भन्दा कम केही चाहेको छैन' ओलीले भनेका छन् ।

सरकारको नीति तथा कार्यक्रममा आउनेखालका विषयहरु समेत समेटिएको सम्बोधनमा एकबर्षभित्र लोडसेडिङ अन्त्य गर्ने, काठमाडौमा मेट्रो रेल चलाउन सम्मका महत्वकांक्षी योजनाहरु पनि ओलीले सुनाउन भ्याए । तर संगसंगै उनले आत्मनिर्भर खालको अर्थतन्त्र विकासमा अधिकतम प्रयास गर्ने प्रतिबद्धता जनाए । संकटपूर्ण घडीमा जनताले धैर्य देशभक्ति राष्ट्रिय स्वाभिमान प्रदर्शन गरेको भन्दै ओलीले प्रसंशा गरेका छन् । 'हरेक राष्ट्रका अगाडि इतिहासमा यस्ता चुनौती आउँछन्, जसलाई पार गरेर नै कुनै पनि राष्ट्र स्वाभीमानी, आत्मनिर्भर, राष्ट्रिय मनोबल र गरिमायुक्त बन्दो रहेछ । नेपाल आज इतिहासको यस्तै कालखण्डबाट गुज्रिरहेको छ' ओलीले भने,-'मलाई विश्वास छ, तपाईहरुको गहिरो विश्वास र मित्र राष्ट्रहरूको साथ र समर्थनमा आज हामीले भोगिरहेको यस सङटमाथि विजय प्राप्त गर्न सक्नेछौं ।'

राहदानी हरायो

मिति २०७२/०७/०१ गते लेकसाइडबाट बगर आउने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : युवराज पौडेल
ठेगाना : भदौरेतामागी-४, कास्की
राहदानी.नं. : ८८८९३४१
सम्पर्क : ९८१५१२८६०६

विजयादशमी, शुभदीपावली एवं नेपाल संवत ११३६ को शुभकामनाका साथ

नेवा:ल्याम्ह पुच, कास्कीको आयोजनामा भएको भाग्यशाली चिट्ठा उपहारको विजेताहरुको चिट्ठा नं.हरु :
प्रथम : १३९ द्वितीय : ४४५/७४९
तृतीय : १७९/१२६/५११
पुरस्कारका लागि सम्पर्क : ९८५६०२०४१९, ९८५६०३७३७२
नोट : उपहार लिनका लागि सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र सम्पर्क गर्नुहोला ।

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाइं बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेननिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी नढ्वढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिवा, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
(दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।)
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मस्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

रेडक्रस भवन निर्माणार्थ तमु समाज युकेको सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

२०४७ सालमा स्थापित पोखरा भ्याली स्पोर्टस् क्लव र २०५० सालमा स्थापित नेपाल रेडक्रस सोसाइटी उपशाखा १०, ११ को संयुक्त आयोजनामा शुभ दीपावली २०७२, नेपाल सम्वत् ११३६ र छठ पर्व अवसरमा शुभकामना आदान-प्रदानका साथ स्वागत तथा तमु समाज युकेद्वारा १०,११ को भवनमा तला थपको लागि चेक हस्तान्तरण कार्यक्रम एक समारोहका बीच सम्पन्न भयो । कार्यक्रमका प्रमुख अतिथि रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङ्गले श्रीकृष्ण मन्दिरको घण्टी बजाई कार्यक्रमको उद्घाटन गर्दै आफू लगायत रामबजार सोसाइटी युकेका पदाधिकारी सदस्य तथा तमु समाज युकेका पूर्व उपाध्यक्ष एवम् सल्लाहकार टिका गुरुङ्ग, हङ्गकङ्ग, कोरिया र दुवइका साथीहरुलाई स्वगत गरेकोमा धन्यवाद दिए । उनले रामबजारबासी र रामबजार सोसाइटी युकेको सुमधुर सम्बन्धका बारेमा चर्चा गर्दै २०७२ बैशाख १२, १३ र २९ गते गएको विनासकारी भूकम्पमा परेका परिवारलाई युकेको तर्फबाट

सहयोग गर्ने व्यवस्था मिलाइदिएकोमा उपशाखा १०, ११ लाई बधाई दिए । उपशाखा १०, ११ लाई तमु समाज युकेबाट राहत सामाग्री उपलब्ध गराई १५ लाख ७५ हजारको सामाग्री सहयोग गरी आज नेपाल रेडक्रस सोसाइटी उपशाखा १०, ११ को भवनमा तला थप गर्न १ लाख बराबरको चेक हस्तान्तरण गरी थप सहयोग गरेकोमा उपशाखा १०, ११ लाई रामबजार सोसाइटीबाट समेत सहयोग गर्ने उनले वचन दिए ।

कार्यक्रममा रामबजार सोसाइटी युकेका सल्लाहका महेश गुरुङ्ग, निवर्तमान अध्यक्ष रुपक गुरुङ्ग, उपमहासचिव मेख बहादुर गुरुङ्ग, सदस्य सरोज गुरुङ्ग, हेम गुरुङ्ग, तमु समाज युकेका पूर्व उपाध्यक्ष एवम् सल्लाहकार टिका गुरुङ्ग, हङ्गकङ्गमा कार्यरत विकी गुरुङ्ग, कोरियामा कार्यरत दिनेश गुरुङ्ग र दुवइमा कार्यरत प्रताप परियारलाई खादा, फूलमालाले सम्मान गरिएको उक्त कार्यक्रममा तमु समाज युकेका पूर्व उपाध्यक्ष टिका गुरुङ्गले उपशाखा १०, ११ को भवनमा तला थप निर्माण कार्यलाई सहयोग स्वरुप १ लाख रुपैयाँको चेक १०, ११ का सभापति सम्मरबहादुर श्रेष्ठलाई हस्तान्तरण गर्नुहुँदै आफ्नो व्यक्तिगत तर्फबाट समेत रु.५ हजार प्रदान गरेका थिए ।

पोखरा भ्याली स्पोर्टस् क्लवलाई प्रताप परियार र सरोज गुरुङ्गबाट जनही ५/५ हजार प्रदान गरेको कार्यक्रममा टोल सुधार समितिद्वारा संचालित असहाय गरिब बिरामीहरुलाई रगत चाहिएमा टोलको सिफारिसमा निःशुल्क प्रदान गर्दै आएको रगतको परीक्षण शुल्क उपलब्ध राउन २०७०-०७१ मा सर्वप्रथम रामबजार सोसाइटी युकेका वर्तमान उपमहासचिव मेख गुरुङ्ग, २०७१-०७२ का लागि संस्थाका सल्लाहकार महेश गुरुङ्ग, २०७२-०७३ का लागि निवर्तमान अध्यक्ष रुपक गुरुङ्ग, २०७३-०७४ का लागि निवर्तमान उपाध्यक्ष पुष्पा गुरुङ्ग र २०७४-०७५ का लागि सदस्य हेम गुरुङ्गले रगतमा लाग्ने खर्च रु.१५ हजार प्रदान गर्दै आएको मानवीय सेवा कार्यमा लागिपरेको टोलका अध्यक्ष सम्मरबहादुर श्रेष्ठले बताए ।

तमु समाज युकेका सल्लाहकार टीका गुरुङ्गलाई उपशाखा १०, ११ को तर्फबाट सम्मान पत्र र खादाले सम्मान गरिएको कार्यक्रममा तमु समाज युकेले नेपालको भूकम्प पीडितहरुलाई पहिलो चरणमा गोर्खा लमजुङ्ग र कास्कीमा १५ लाख पचहत्तर हजार उपशाखा १०, ११ को व्यवस्थापनमा वितरण गरिएको र हाल रेडक्रस भवन निर्माणमा रु.१ लाख सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपालको भूकम्प पीडितलार्य समाजले ५० लाख उठाई राखेको र यस्तै मानवीय सेवामा लागि पर्ने संस्थासँग मिलि सहयोग पठाउने बताए ।

महान्यायधिवक्ता कार्कीलाई पोखरामा सम्मान

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

संविधान जारी भएपछि उत्पन्न वर्तमान संकटको बेलामा सबै एकजुट भए मात्र कुनैपनि समस्या समाधान गर्न सकिन्छ । नेपाल सरकारका महान्यायधीवक्ता हरिकृष्ण कार्कीको पोखरामा कानुन ब्यवसायीहरु सँगको भेटघाट तथा सम्मानमा आयोजित कार्यक्रममा बताएका हुन । सो अबसरमा महान्यायधीबक्ता कार्कीले सरकारी वकील कार्यालयहरुमा गैर कानुन ब्यबसायिक जनशक्तिले काम गर्नु परेको र कानुन पृष्ठभूमिबाट आउने कर्मचारीको अभाव हुदाँ मुद्दाको अनुसन्धान प्रक्रियाबाट सेवाग्राहीहरु मर्कामा परेको र यस सम्बन्धी सुधारका लागि आफूले पहल गर्ने बताए । अदालतको पहिलो पञ्चवर्षीय रणनीति योजनाको समिक्षा तथा आगामी कार्यक्रमको रणनीति योजना निर्माणको प्रक्रियामा पोखरा आएका कार्कीले कानून व्यवसायी आचारसंहिताको मर्यादा तयार भएर बसेको तर संघीय संरचना अनुरुप अदालतको पनि अदालतको पनि संरचनामा पनि फेरबदल हुने भएकाले यस सम्बन्धी आचार संहिता वा ऐन कुन रुपमा ल्याउने भन्ने विषयमा छलफल चलिरहेको उनले बताए ।

कार्यक्रममा पुनरावेदन आदालत वार एशोसिएशनका अध्यक्ष खगेन्द्रराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल वार एशोसिएशनका केन्द्रिय उपाध्यक्ष अनिता गुरुङ्गा, वरिष्ठ अधिवक्ताद्वय कृष्णबहादुर थापा, कृष्ण गुरुङ्ग, अधिवक्ताहरु हरि सुवेदी, सुकदेव गौतम, पदमपाणि देवकोटा, भगवती पहारी, कमल अर्याल, ईन्द्र बराल र बलराम तिमिल्सेना लगायतले विभिन्न विषयमा आफ्नो जिज्ञासा राखेका थिए भने सो अवसरमा पुनरावेदन अदालत वार एशोसिएशन र कास्की जिल्ला अदालत वार एशोसिएशनको तर्फबाट कार्कीलाई सम्मान तथा बधाई ज्ञापन गरिएको थियो ।

हार्दिक समवेदना

जन्मः
वि.स.: २००७ चैत्र

स्वर्गारोहण
वि.स.:२०७२/०७/०७

स्व. राममाया खत्री

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन कास्कीका सदस्य, कानून व्यवसायी अधिवक्ता विमला खत्रीकी ममतामयी माता नन्दकली भण्डारीको असामयिक निधन भएको यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्णप्रसाद तिमिल्सिना
अध्यक्ष एवं
नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डिएलए) कास्की परिवार

रेडक्रसको सडक सुरक्षा तालिम सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

नेपाल रेडक्रस सोसाईटी कास्की शाखा अर्न्तगत प्राथमिक उपचार र सडक सुरक्षा कार्यक्रम अर्न्तगत चारदिने प्राथमिक उपचार र सडक सुरक्षा तालिम पोखरामा सम्पन्न भएको छ । कार्यक्रमको समापन गर्दै नेपाल रेडक्रस सोसाईटी कास्की शाखाका उपसभापति दण्डराज शर्माले प्राथमिक उपचार तालिमले घाइते तथा विरामीलाई जिवन बचाँउन, जटिल हुन नदिन र सुधार गर्न सहयोग पुग्ने बताए ।

कास्की शाखाका मन्त्री र सदस्य एवम् प्राथमिक उपचार समितिका संयोजक सूर्य ढकालले सडक र विभिन्न दुर्घटना बढेसँगै प्राथमिक उपचारको महत्व बढेको उल्लेख गरे । प्रेस युनियनका केन्द्रिय उपाध्यक्ष रमेश पौडेलले कुनैपनि दुर्घटनामा सबैभन्दा चाडो पुग्ने व्यक्तिहरु प्रहरी, पत्रकार लगायतलाई पनि प्राथमिक उपचार तालिम प्रदान गर्नुपर्ने बताए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी स्याङ्जा शाखाका पूर्व कोषाध्यक्ष, सहभागी वद्रिनाथ आचार्य लगायतले प्राथमिक उपचारबारे बोलेका थिए । तालिममा उपशाखा २४ जनाको सहभागिता रहेको थियो । तालिममा कृष्ण तिमिल्सना, राजेश घिमिरे, सूर्य तिमिल्सिना पालुवा, रेखा ढकाल, नवराज भण्डारी लगायतले सहजिकरण गरेका थिए । प्राथमिक उपचार र सडक सुरक्षा परियोजनाका फिल्ड कोअर्डिनेटर प्रतिभा सापकोटाले कास्कीको कोत्रेदेखि लुम्लेसम्म परियोजना सञ्चालन भइरहेको जानकारी दिंदै यस क्षेत्रका स्थानीयलाई सडक सुरक्षाबारे तालिम प्रदान गरिने बताए । नेपाल रेडक्रस सोसाईटी कास्की शाखा अर्न्तगत प्राथमिक उपचार र सडक सुरक्षा कार्यक्रम अर्न्तगत सो कार्यक्रम भएको हो ।

निःसन्तान...

जडिबुटी तस्करी भएर बिदेशमा पुग्ने र त्यही जडिबुटीबाट बनेका महंगा औषधि हामीले खरिद गर्नु पर्ने बिडम्बना अवस्था हामी कहां रहेको बिशेषज्ञ पौडेलले गुनासो गरेका छन् । नेपालमा खेति नभएको दुर्लभ जडिबुटी एक नंबरी केशर जुन बजारमा पाईंदैन र पाईए पनि एक किलोको बीस लाख सम्म पर्छ, त्यस्ता जडिबुटी समेत सेवन गर्न लगाउने उनले बताए ।

शिविरमा सन्तान जन्माउंछु भन्नेहरुका लागि भने महंगो पर्ने भएको छ । डा.पौडेल भन्छन् 'दम्पतिको स्वास्थ्य परीक्षण अनुसार कठीन ल्याब टेष्ट गनु पर्दा र अति दुर्लभ जडिबुटीबाट बनेका औषधिहरु सेवन गर्नु पर्दा यस्तो महंगो पर्न जाने हो ।' यद्धपि हेर्दा खेरी यो प्रबिधि महंगो हो, तर स्वदेशकै नाम चलेका ठूला अस्पताल र बिदेशका प्रयोगशालाको अतिरिक्त परामर्श एवं उपचारका दृष्टिले अत्यन्त सस्तो भएको दावी उक्त अस्पतालले गरेको छ । कतिपय नेपालीहरुले आफ्नो शारीरिक र मानसिक कमजोरीलाई लुकाएर गोप्य परीक्षण, परामर्श र उपचार गर्न भारतको नयां दिल्ली लगायतका महंगा अस्पतालमा खर्च गर्न गएको तथ्यांक समाचार पत्रहरुमा आएको कुरा ऋषिमुनी जडिबुटी उद्योगका प्रोपाईटर धर्ममहारस बताउंछन् ।

हार्दिक समवेदना

जन्मः
वि.स.: २००७ चैत्र

स्वर्गारोहण
वि.स.:२०७२/०७/०७

स्व. राममाया खत्री

पुनरावेदन बार एशोसिएशनका सदस्य, अधिवक्ता विमला खत्रीकी ममतामयी माता नन्दकली भण्डारीको असामयिक निधन भएको यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

खगेन्द्रराज आचार्य
अध्यक्ष एवं
पुनरावेदन बार एशोसिएशन पोखरा परिवार

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता धमाधम भइरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुत्री, बाँझोपन हटाउने ग्यास्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

नेपाल सरकार
कृषि विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन केन्द्र
पोखरा, कास्की ।

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७२/०७/३० गते

यस केन्दबाट आ.ब २०७२।०७३ मा निम्न निमार्ण कार्य ठेक्कापट्टाको माध्यमबाट गराउनुपर्ने भएको हुँदा निर्माण सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त इच्छुक निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

१.यो सूचना प्रथम पटक प्रकाशित मितिले १५औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयबाट चालु आ.ब को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संग्लन राखी निवेदन दिई रु.३००।- (तीनसय मात्र) फिर्ता नहुने गरी राजश्व दस्तुर बुझाई यस बाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२.खरिद भएको दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको १६औं दिनको १२ बजे भित्र यस केन्दको नाममा सम्बोधन गरी ठेक्का नम्वर, कामको विवरण, दरभाउपत्र वालाको नाम, ठेगाना स्पष्ट रुपमा खुलाई सिलबन्दी लाहाँछाप गरी यस केन्दमा दर्ता गरी सक्नु पर्ने छ ।

३.प्राप्त भएका दरभाउपत्रहरु, यो सूचना प्रथम पटक प्रकाशित भएको १६औं दिनको २.० बजे उपस्थित भएका दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस केन्दमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

४.दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

५.सिलबन्दी दरभाउपत्र साथ जमानत बापत तपशिलमा उल्लेखित रकम को.ले.नि.का. कास्कीको नेपाल राष्ट्रबैंक, पोखरा स्थित धरौटी खाता नं. १८०१२००-००१-००२-५२४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्दको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको विडबण्ड पेश गर्नु पर्ने छ ।

६.दरभाउपत्र स्विकृत भएमा ठेक्का अंकको ५ प्रतिशतले हुने रकम को.ले.नि.का. कास्कीको नेपाल राष्ट्रबैंक, पोखरा स्थित धरौटी खाता नं. १८०१२००-००१-००२-५२४ मा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट सो रकम बराबरको यस प्रयोगशालाको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्ने छ ।

७.दरभाउपत्र शर्त रहित केरमेट नभएको, केन्दले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरीत भएको दरभाउपत्र माथि कारवाही हुनेछैन ।

८.प्राप्त हुन आएको दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंसिकरुपमा स्विकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०.अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

११.यस सम्बन्धी अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस केन्दमा सम्पर्क राख्न सकिने छ ।

तपशिल

[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
१.	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
२.	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
३.	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]

क्रिकेटरको स्वागत : विश्वको सबैभन्दा पुराने कृकेट क्लब मेरीलेबोन क्रिकेट क्लब **MCC** को नेपाल भ्रमण कार्यक्रम अन्तर्गत सोमबार पोखरा रंगाशाला स्थित क्रिकेट मैदानमा मैत्रीपूर्ण क्रिकेट खेल हुने भएको छ । आइतबार मात्र पोखरा आएको उक्त बेलायती टोली क्रिकेट खेलको नियमको जन्मदाता पनि हो । कास्कीको टोलीसंग हुने खेलको समूर्ण तयारी पूरा भएको छ । नेपाल भ्रमणमा रहेको उक्तटोली कूल ६ खेल खेल्ने छ । पोखरामा सोमबार एकदिवसीय खेल्ने कार्यक्रम रहेको छ । तस्वीर : सुदर्शन रञ्जित

मैत्रीपूर्ण क्रिकेट पोखरामा

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

इङ्गल्याण्डबाट आएको मेर्लिबोन क्रिकेट क्लव र पोखरा-११ वीच आज (सोमबार) मैत्रिपूर्ण क्रिकेट हुने भएको छ । पोखरा रंगशालामा हुने उक्त खेल निर्धारित ४० ओभरमा खेलाइने बताइएको छ । नेपाल भ्रमणमा रहेको मेर्लिबोनले यसअघि राजधानीमा क्यान ११ संग मैत्रिपूर्ण टी-ट्वान्टीमा जित हाँसिल गर्दै पोखरा आएको हो ।

कास्की जिल्ला क्रिकेट संघको समन्वयमा पोखरामा हुन लागको खेलका लागि पोखराको टिम दिपेश खत्रिको कप्तानीमा मैदान उत्रने कास्की जिल्ला क्रिकेट संघका सचिव सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

टिमको उप-कप्तानमा विधान श्रेष्ठ तथा अन्य खेलाडीहरु रिजन प्रजु, विवेक तिवारी, राजु गुरुङ्ग, श्याम त्रिपाठी, अमृत गुरुङ्ग, सुरज अधिकारी, विपिन खत्रि, सुदिप पौडेल र सुमन घिमिरे रहेका छन् । त्यसैगरि अन्य खेलाडीहरुमा चन्द्र गुरुङ्ग, अनिल गुरुङ्ग, शिव सुवेदी र रिकेश गुप्ता रहेका छन् । टिम कोचमा भोज गुरुङ्ग र व्यवस्थापकमा दिपेन्द्र चन्द रहेको कप्तान दिपेश खत्रिले बताए । खेल बिहान ९ बजेबाट शुरु हुने जानकारी दिइएको छ ।

ल्वाङघलेलवासी सामुदायिक भवन निर्माणमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

कास्की ल्वाङ्घलेल-४ लुम्रेका स्थानीय वासिन्दाहरू यतिखेर सामुदायिक भवन निर्माणमा लागिरहेका छन्। स्थानिय समाजसेवी झुलु गुरुङ र दुर्गाबहादुर बुढाथोकीले दिएको पाँच आना जग्गामा ल्वाङ्घलेल वासीहरूले लुम्रे सामुदायिक भवन तथा कृषि सङ्कलन केन्द्र निर्माण गर्न थालेका छन् । उक्त भवनका लागि हालसम्म स्थानीय गाउँलेहरूले जनश्रमदान र स्वेच्छिक सहयोगबाट नै निर्माण थालेको भवन निर्माण समितिका अध्यक्ष कृष्ण प्रसाद दाहालले जानकारी दिए। हालसम्म उक्त भवनका लागि मर्दीखोला समाज युकेका अध्यक्ष रामचन्द्र गुरुङबाट ५० हजार, ल्वाङ्घलेल गाविसबाट ५० हजार, मिर्मिरे आमा समूह

ल्वाङ्घलेलबाट एक लाख ५६ हजार, बजार व्यवस्थापन समिति ल्वाङ्घलेल लुम्रेबाट ४१ हजार र प्रकोप व्यवस्थापन समिति ल्वाङ्घलेल लुम्रेबाट ३९ हजार सहयोग आएको समितिका कोषाध्यक्ष हिमबहादुर गुरुङले बताए। उक्त भवन निर्माण सम्पन्न गर्नका लागि झण्डै १५ लाखको लागत लाग्ने भएकाले स्थानीय समाजसेवी, बुद्धिजीवि, राजनीतिकर्मीहरूलाई पनि यथाशक्य सहयोग गर्नका लागि समितिले अपिल गरेको छ। यही आर्थिक वर्ष भित्र सभाहल, कार्यालय र ट्रस्टसहितको भवन निर्माण सम्पन्न गर्ने उद्देश्य समितिले राखेकाले सम्पूर्ण सहृदयी दाताहरूलाई धन, मन र बचनले एकवद्ध भएर उक्त भवन निर्माण सफल पार्नका लागि समितिका अध्यक्ष दाहालले अनुरोध गरेका छन्।

सिर्जना अङ्क १३ को घाचोकमा लोकार्पण

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाले साहित्यिक पत्रिका व्यवसायिक रुपमा चल्न नसक्ने भएकोले यसको प्रकासन र निरन्तरता आफैमा चुनौतीपूर्ण कार्य भएको बताएका छन्। सिर्जना साहित्य सदन घाचोक कास्कीद्वारा प्रकाशित पत्रिका सिर्जना अङ्क १३ को घाचोकमा एक समारोहबीच बिहीबार लोकार्पण गर्दै अध्यक्ष बाँस्तोलाले पत्रिकामा साहित्यलगायत गाउँका विविध पक्ष समेट्न सुझाव दिँदै उनले भने, सिर्जना घाचोकको ऐना बनोस्। पत्रिकाको समीक्षा प्रस्तुत गर्दै नेपाली भाषा शिक्षक परिषद्का अध्यक्ष प्राध्यापक बोधराज ढकालले पत्रिकामा साहित्यका विविध विधा समेटिएको र धेरै लेखकलाई स्थान दिने प्रयास भएको उल्लेख गरे। साथै उनले घाचोकको विशेषताको पनि चर्चा हुनुपर्नेमा जोड दिए। सम्मानित कथाकार भद्रराज त्रिपाठीले साहित्यले समाज रुपान्तरण गर्न सक्ने बताए। सल्लाहकार रविलाल पोखरेलले साहित्यिक संस्था चलाउनु कठिन कार्य भएको उल्लेख गर्दै सहयोगीदाताहरु धन्यवादका पात्र भएको बताए।

पत्रिकाका प्रधानसम्पादक टेकनाथ पीडितले भाषिक विवादले वर्ण विन्यासमा पनि समस्या आएको उल्लेख गरे। पूर्व अध्यक्ष महेश्वर पोखरेलले विचार र विकासलाई सँगसँगै अगाडि बढाउनुपर्नेमा जोड दिए। एमाले कास्कीका सदस्य विष्णु केसीले साहित्यिक पत्रिकामा समसामयिक कुराहरु पनि समेटिनुपर्नेमा जोड दिदै सिर्जनाले घाचोकलाई चिनाएको बताए। घाचोक महोत्सव २०७२ का संयोजक मौसम कार्कीले अफूहरुले सिर्जना साहित्य सदनलाई सघाउन चाहेको बताए। कार्यक्रममा शोभामोहन लम्साल, एकदत्त लम्साल शिशिर र स्वस्तिक सुवेदीले रचनावाचन गरेका थिए।

सिर्जना साहित्य सदनका अध्यक्ष भानुभक्त अविरलको अध्यक्षतामा भएको उक्त कार्यत्तममा उपाध्यक्ष बाबुराम पोखरेलले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन सचिव सूर्य लम्साल किरणले गरेका थिए। सोही अवसरमा सिर्जना पुरस्कार-२०७२ द्वारा शोभा मोहन लम्साल सम्मानित भएका छन्। यसैगरी बसन्त दवाडीद्वारा स्थापित स्व. टिकादेवी गुणाकर दवाडी स्मृति सिर्जना पुरस्कार-२०७२ द्वारा भद्रराज त्रिपाठी र गीता कुँवर जिसी सम्मानित भएका छन्। कार्यक्रमका प्रमुख अतिथि स्वतन्त्र पत्रकार संघका अध्यक्ष कृष्णप्रसाद बास्तोला प्राध्यापक बोधराज ढकाल र सदनका अध्यक्ष भानुभक्त अविरलले सम्मानपत्र, टीका र नगदसहित सम्मान गरेका थिए।

छैठौं विग आईकन विजेतालाई स्कूटर

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ कार्तिक ।

छैठौं विग आईकनको विजेताले १ लाख ७२ हजार रुपैयाँ बराबरको हिरो ड्यास स्कुटर पुरस्कार स्वरुप प्राप्त गर्ने भएका छन् । विग एफएमले यो कुरालाई पुष्टि गरेको हो । हिरो मोटरबाईकको नेपाल स्थित अधिकृत विक्रेता नेपाल जेनेरल मार्केटिङ प्रालि ज्योती भवन काठमाडौंले यो पुरस्कारको प्रायोजन गरेको हो । ज्योती ग्रुप अन्तरगत रहेको यो कम्पनीका भाईस प्रेसिडेन्ट सुरुची ज्योती र विग एफएमका मार्केटिङ म्यानेजर कमल बरालबीच विग आईकनको विजेतालाई कम्पनीले हिरो ड्यास स्कुटर प्रदान गर्ने विषयमा सहमती भएको हो । पुरस्कार राशिको हिसाबले यस अगाडिका विजेताको तुलनामा यो पटकको विग आईकनको विजेताले धेरै पुरस्कार प्राप्त गर्नेछन् । 'विग आईकनको विजेताको लागि हामीले हिरो बाईकको नेपालस्थित अधिकृत विक्रेतासँग सहकार्य गरिसकेका छौं । र, यो सहमतिले विग आईकनको प्रभावकारितालाई स्पष्टसँग देखाउँछ ।' विग एफएमका मार्केटिङ म्यानेजर कमल बरालले भने-'ज्योती ग्रुप जस्तो नेपालकै उत्कृष्ट व्यापारिक घराना पनि यो ईभेन्टमा जोडिनु हाम्रो लागि निकै खुशिको कुरा पनि हो ।' त्यस्तै ज्योती ग्रुप अन्तरगत रहेको कम्पनी नेपाल जेनेरल मार्केटिङ प्रालिकी भाईस प्रेसिडेन्ट सुरुची ज्योतीले पनि नेपालकै उत्कृष्ट गायन रियालिटी शोमा जोडिनु कम्पनीका लागि निकै खुशिको कुरा भएको बताईन् । 'उत्कृष्ट गायन प्रतिभालाई हामीले स्कुटर प्रदान गर्न पाउनु निकै गज्जबको कुरा हो ।' ज्योतीले भनिन्-'आगामी दिनमा विग एफएमसँग अन्य खालका व्यवसायिक सहकार्य पनि हुँदै जानेछ ।'

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा